# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

वाट भएको निर्णय

मुद्दा नं. : ०८१-०२-००४

निर्णय नं. ०८

दायरी मिति : २०८१/०४/०७

निर्णय मिति : २०८१/०७/०७

| | |
|---|---|
| कृष्ण बहादुर मगरको नाती रामचन्द्र भुजेल भन्ने रामचन्द्र मगरको छोरा काठमाडौँ जिल्ला साविक वाडभन्ज्याङ गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित चन्द्रागिरि नगरपालिका वडा नं. २ घर भई हाल ऐ.ऐ. वडा नं. ११ वस्ने वर्ष २७ को राहुल मगर ...............१<br>नकल विर बुढाको छोरी रामचन्द्र मगरको श्रीमती ऐ.ऐ. वस्ने वर्ष ५६ की त्रिपन्ना बुढा मगर ...............१ | वादी |

विरुद्ध

| | |
|---|---|
| काठमाडौँ जिल्ला साविक वाडभन्ज्याङ गा.वि.स. वडा नं. ४ हाल परिवर्तित चन्द्रागिरि नगरपालिका वडा नं. २ वस्ने वर्ष ४९ को लक्ष्मण मगर ...............१ | प्रतिवादी |

मुद्दा : हाम्रो हकभोगको चलनको घरजग्गा खाली गराई पाऊँ ।

**वादीको साक्षी :**

**प्रतिवादीको साक्षी :**

क) चन्द्रागिरि नगरपालिका वडा नं. २ वस्ने शिव प्रसादको छोरा वर्ष ५९ को शिवजी ढकाल ...............१

ख) ऐ.ऐ. वस्ने राम बावु ढकालको छोरा वर्ष ३३ को मधुसुदन ढकाल ...............१

**प्रमाण:**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी .....२

ख) घर जग्गाधनी पुर्जाको प्रतिलिपी ...............२

**प्रमाण :**

क) मिति २०७५/०५/०४ च.नं. २२९ को पत्रको प्रतिलिपी ...............१

ख) मिति २०७५/०५/१७ च.नं. १५०१ नक्सा नियमित प्रमाण पत्रको प्रतिलिपी ..................................१

ग) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ..........१

न्यायिक समितिबाट बुझेको :

साक्षी :

**प्रमाणहरू :**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

विपक्षी लक्ष्मण मगर मेरो पिता रामचन्द्र मगरको अर्को श्रीमति तर्फका छोरा हुन् । विपक्षी लक्ष्मण मगर समेतका उपर सम्मानित काठमाडौं जिल्ला अदालत समक्ष म त्रिपना बुढाले सम्वन्ध विच्छेद (२०७३-PC-०२२८), म राहुल मगरले अंशचलन (२०७३-PC-०२२७) मुद्दामा कारवाही हुँदा रामचन्द्र मगर-१, लक्ष्मण मगर-१, रामहरी मगर-१, शिवकुमार मगर-१ तथा हामी निवेदक त्रिपना बुढा-१ र राहुल मगर-१ समेत जना ६ मूल अंशियार कायम गरी अविवाहित रहेको म निवेदक राहुल मगरको विवाह खर्च परसारी ६ भागको १/१ भाग अंश पाउने गरी रामचन्द्र मगर र त्रिपना बुढाका बिच कायम रहेको लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद हुने ठहऱ्याई मिति २०७४/११/०२ मा काठमाडौं जिल्ला अदालतवाट भएको फैसलामा हामीहरूको आंशिक रुपमा चित्त नबुझेकोले पुनरावेदन गरेकोमा तायदातीमा उल्लेखित धादिङ्ग जिल्लाको कि.नं. १३२ जग्गा समेतवाट हामीले ६ भागको १/१ भाग अंश पाउने ठहऱ्याई सम्मानित उच्च अदालत, पाटनवाट मिति २०७६/०२/०५ मा केही उल्टी हुने ठहर गरी भएको फैसला अन्तिम भएकोमा विपक्षी रामचन्द्र मगर समेतले चित्त नबुझाई सम्मानित सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई पाउन दिएको निवेदनमा मिति २०७६/११/२१ मा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति नहुने आदेश भई अन्तिम भएकोमा हामी निवेदक मध्ये म त्रिपना बुढाले दायर गरेको सम्वन्ध विच्छेद (२०७३-PC-०२२८) र म राहुल मगरले दायर गरेको अंशचलन (२०७३-PC-०२२७) मुद्दाहरूमा भएको फैसला बमोजिम तायदाती फाँटवारीमा उल्लेखित का.जि. साविक वाडभन्ज्याङ गा.वि.स. वडा नं. ४ कि.नं. ३६, ३७ र ४० जग्गाबाट वण्डा छुट्याई पाउन तहसिल शाखावाट मिति २०७६/०८/०४ मा सम्पन्न भएको अंशवण्डा मुचुल्कालाई वदर गरी पाउन विपक्षी मध्येका लक्ष्मण मगरले पेश गरेको निवेदन माग बमोजिम वण्डा मुचुल्का बदर गर्न नपर्ने गरि मिति २०७७/०८/१२ मा आदेश भएको थियो । हामी निवेदकले सम्मानित अदालतमा दाखिला गर्नुपर्ने सम्पूर्ण दस्तुर बुझाईसकेकोले फैसला कार्यान्वयन सम्वन्धि मिसिल तामेली राखि सम्मानित काठमाडौं जिल्ला अदालतको च.नं. १२८० मिति २०७७/०८/२९ गतेको मालपोत कार्यालयलाई दा.खा. पूर्जी वमोजिम हामीहरूले आ-आफ्नो अंश हकहिस्सा छुट्याई घरजग्गा कित्ताकाट गरी कायम भएको कि.नं. २७६, २८० र २८४ म राहुल मगरको अंशभागमा परेको र कि.नं. २७७, २८१ र २८५ जग्गा म त्रिपना बुढाको अंश भागमा परेको जग्गा छुट्टाछुट्टै धनि प्रमाण पूर्जा समेत प्राप्त गरीसकेकोमा सम्मानित अदालतहरूवाट भएको तहतह फैसला बमोजिम तहसिलवाट भएको अंशवण्डा मुचुल्का अनुसार का.जि. साविक

वाडभन्ज्याङ गा.वि.स. वडा नं. ४ कि.नं. ३६ को घरजग्गा कि.का. गरी कायम भई म राहुल मगरको अंशभागमा परेको ऐं कि.नं. २७६ क्षेत्रफल ९८०.३७ वर्गमिटर घरजग्गा मध्ये विपक्षी लक्ष्मण मगरले जवरजस्ती कव्जा गर्दै वसीआएको घरजग्गा खाली गरिदिनुभनि पटक पटक अनुरोध गर्दा समेत अटेर गर्दै आएकोमा मिति २०८१/०३/२९ गते शनिवार बिहान भेटेर भन्दा राहुलको भागमा परेको भएपनि सो जग्गा मेरै हो, मैले उक्त जग्गा खाली गर्न सक्दिन सकेको गर भनि जवाफ दिएकोले बाध्य भई मैले प्राप्त गरेको अंशभागको कि.नं. २७६ जग्गा विपक्षीले जवरजस्ती कब्जा गरी मेरो भोगचलनमा वाधा पुऱ्याएकोले हामीहरूको अंशभागमा परेको घरजग्गा खाली गराई पाउँ भनि वादी त्रिपन्न बुढा मगरको फिराद दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

पिता रामचन्द्र मगर र आमा साईली मगर तर्फ म लक्ष्मण मगर, रामहरि मगर र शिवकुमार मगर र छोरीहरू भगवती, चन्द्रवती, सरस्वती र पवित्रा मगर जम्मा गरी ३ (तीन) छोरा ४ छोरी समेत ७ (सात) जनाको जायजन्म भएको हो । आमा साईली मगरनी मिति २०४४ साल चैत्र महिनामा मृत्यु भए पछि पिता रामचन्द्र मगरले कान्छी आमा त्रिपना बुढा मगरसँग मिति २०५३ साल बैशाख महिनामा बिवाह भई निज तर्फ एक छोरा राहुल मगरको मिति २०५४ साल बैशाखमा जायजन्म भएको हो । बिपक्षीहरू २०५८ सालवाट अलग वस्दै आइरहेका छन् । म लक्ष्मण मगर समेत पिता रामचन्द्र मगरले घरायसी रुपमा पिताको नाममा रहेको साविक कि.नं. ३६ समेतका कित्ता जग्गाबाट अंश भाग अलग गरी दिएकाले अलगै बसी सोही जग्गा भोगचलन गरि आएकोमा २०७२ सालको भुकम्प पश्चात् उक्त कित्तामा २ नं. वडा कार्यालयबाट भुकम्प पिडित लाभग्राहीहरूको घर निर्माण शुरु भएको हुँदा सो घर २०७४ सालमा निजी लगानीमा घर नक्सा पास गरी निर्माण गरी बसि आईरहेकोमा अदालतको फैसला अनुसार मिति २०७७/०८/२० गतेको मालपोत कार्यालयको दा.खा. पुर्जी वमोजिम आ-आफ्नो अंश हकहिस्सा छुट्याई धनिप्रमाण पुर्जा समेत प्राप्त गरिसकेका छौं । अंशवण्डा मुचुल्का अनुसार साविक वाडभन्ज्याङ गा.वि.स. वडा नं. ४ कि.नं. ३६ कि.का. गरि राहुल मगरको अंश भागमा परेको कि.नं. २७६ क्षे.फ. ९८०.३७ व.मि. जग्गा हो । विपक्षीहरूले म लक्ष्मण मगरको यो कित्ता हो भनि भन्न सकेको समेत नहुँदा हाम्रो पैत्रिक सम्पति १० भाग लाग्ने हो वा ६ भाग मात्र कायम हुने हो सो विषयमा टुङ्गो नलाग्दै उक्त मुद्दाको जानकारी समेत नगराई झुट्टा ब्यहोरा उल्लेख गरि दायर गरेको आधारमा कुनै काम कार्य अगाडी बढाउन सकिने अवस्था नभएको हुँदा उजुरी पत्र खारेज गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी लक्ष्मण मगरको प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

वादी त्रिपना बुढा मगरले अंश चलन (०७९-CP-३०९८) मुद्दामा श्री काठमाडौं जिल्ला अदालतवाट प्रतिवादी राहुल मगर तथा त्रिपना बुढा मगरले अन्य प्रतिवादीहरू रामचन्द्र मगर समेतलाई विपक्षी वनाई दायर गरेको (२०७३-PC-०२२७) र (२०७३-PC-०२२८) को मुद्दामा प्रतिवादीहरू ६ अंशियार कायम गरी वादीले अंश पाउने ठहर गरी मिति २०७४/११/२८ मा फैसला सदर भई अन्तिम भई कायमै रहेको समेतका मिसिल संलग्न आधार प्रमाणवाट वादीहरू प्रतिवादीहरूको एकासगोलका अंशियार नदेखिएकाले वादीहरूले प्रतिवादीहरूबाट अंश पाउन सक्ने अवस्था नदेखिंदा वादी प्रतिवादीबाट वण्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी माग गरी रहनु परेन । वादी प्रतिवादी १० अंशियार कायम गरी वण्डा गर्नुपर्ने सम्पत्तिको फाँटवारी दाखिला गराई १० भागको

४ भाग अंश दिलाई पाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ भनि मिति २०८०/०८/२५ गते भएको फैसला अन्तिम भई बसेको देखिन्छ ।

**<u>प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :</u>**

घरको नक्सा र नक्सा नियमित प्रमाण पत्र राखेको देखिन्छ ।

**<u>दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :</u>**

वादीले का.जि.अ. को फैसला र तहसिल शाखाको डोर मुचुल्ला बमोजिमको घर जग्गा खाली गराई पाउँ भनि राख्नु भएको कुरा सुनियो ।

प्रतिवादीले अंशवण्डा मिलाएर गरिनुपर्छ भनि राख्नु भएको कुरा सुनियो ।

**<u>दुवै पक्ष बिचमा फरक परेको विषय :</u>**

हाम्रो हकभोगको चलनको घरजग्गा खाली गराई दिनुपर्ने हो होइन भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

<u>निर्णय खण्डः</u>

नियम बमोजिम दैनिक पेशी सूचीमा चढि इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी हेर्दा वादी दावी बमोजिम प्रतिवादीलाई वादीको अंश भागमा परेको निजको नाउँमा रहेको कि.नं. २७६ मा बनेको घरजग्गा खाली गराई दिनुपर्ने हो होईन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ विचार गर्दा अदालतको फैसला बमोजिमको डोर मुचुल्का अनुसार हाम्रो हकभोग चलनको कि.नं. २७६ मा बनेको घरजग्गाबाट विपक्षीलाई खाली गराई पाउँ भनि वादी त्रिपना बुढा मगरको माग दावी रहेकोमा अंशवण्डा मुचुल्का नमिलेको हुँदा पुनः मिलाएर वण्डा गरी पाउँ भन्ने प्रतिवादी लक्ष्मण मगरको प्रतिउत्तर जिकिर रहेको छ ।

प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) को देहाय (ट) बमोजिम न्यायिक समितिबाट सुनुवाई गर्न सकिने नै हुँदा यस विवादमा समितिको मिति २०८१/०५/०५ गतेको आदेशानुसार २ नं. वडा कार्यालयको मेलमिलाप केन्द्रमा पठाइएकोमा मेलमिलापको वातावरण हुन नसकेको भनि मेलमिलाप केन्द्रको दर्ता नं. १६१४ मिति २०८१/०६/३० बाट प्राप्त भएको प्रतिवेदनमा मेलमिलाप हुन नसक्ने गरी टुङ्गो लागेको र पून मेलमिलापको प्रयास गर्दा मेलमिलाप हुन सकेन ।

प्रस्तुत विवादमा नियमित अदालतमा मुद्दा परी तह तह हुँदै श्री सर्वोच्च अदालत समेतबाट फैसला भई सो फैसला कार्यान्वयनको लागि श्री काठमाडौं जिल्ला अदालतमा निवेदन परी वण्डा मुचुल्का समेत भईसकेको अवस्थामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३८ को प्रकृया पूरा गरी चलन चलाई दिने अधिकार यस न्यायिक समितिलाई रहेको देखिएन । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६ मा मुद्दाको कारवाही, सुनुवाई र किनारा कानून बमोजिम अधिकार प्राप्त अदालतबाट मात्र हुनेछ भन्ने प्रष्ट उल्लेख गरेको छ । प्रस्तुत विषयमा श्री काठमाडौं जिल्ला अदालतमा मुद्दा परी तह तह फैसला भएको देखिएको र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३० को उपदफा (१) बमोजिम सो फैसला कार्यान्वयन गर्ने अधिकार श्री काठमाडौं जिल्ला अदालतलाई मात्र भएको हुँदा यस सम्वन्धमा न्यायिक समितिले प्रवेश गर्न मिल्ने

देखिएन। श्री काठमाडौं जिल्ला अदालतबाट शुरु फैसला भई फैसला कार्यान्वयनसम्म बाँकी रहेको अवस्थामा न्यायिक समितिले क्षेत्राधिकार ग्रहण गर्न मिल्ने देखिएन। सो देखिएकाले अरुमा तपसिल वमोजिम गर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६ (१) को आधारमा खारेजी निर्णय गरिदिएको छ।

## तपसिल खण्ड :

(क) माथि निर्णय खण्डमा लेखिए वमोजिम वादीको फिराद दावी पुग्न नसक्ने भएकोले वादीलाई यस समितिवाट भएको निर्णयमा चित्त नवुझे श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जाने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ वमोजिम ३५ दिने पुनरावेदनको म्याद दिनु ........................................................ १

(ख) सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई रित पुर्याई नक्कल दिनु ........२

(ग) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी निर्णयको विद्युतीयप्रति पालिकाको वेवसाइट प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा वुझाईदिनु। ..................................३

| | | |
|---|---|---|
| २०८१/६/६ | २०८१।०६।०६ | २०८१/६/६ |
| रत्नलाल श्रेष्ठ | सीता मण्डल सत्याल | वसन्ती श्रेष्ठ |
| सदस्य | सदस्य | संयोजक |

**निर्णय तयार गर्न सहयोग पुर्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल वतौला शर्मा

इति सम्वत् मिति २०८१ साल कार्तिक महिना ०७ गते रोज ०४ शुभम् .............................